मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## प्रदेश सहकारी रजिष्ट्रार कार्यालय

जनकपुरधाम, धनुषा, नेपाल

फोन नं.:- ०४१-४२६१०५
इमेल: registramprovince@gmail.com
Website: www.pcro.madhesh.gov.np

प.सं.:-०८२/ ८३
च.नं.:- ४६

## सहकारी संस्थाहरुका ऋणी सदस्यहरुलाई ऋण भुक्तान गर्ने सम्बन्धी जरुरी सूचना ।

**प्रकाशित मिति – २०८२/०५/०५**

सहकारी संस्थाहरुवाट ऋण लिएका ऋणी सदस्यहरुले तोकिएको समयभित्र ऋणको साँवा तथा व्याज चुक्ता नगर्दा केही संस्थाहरुमा तरलताको समस्या भई सदस्यहरुको वचत फिर्ता गर्न नसकेको गुनासो आइरहेको छ । सहकारी संस्थामा सदस्यहरुको वचत रकम नै कर्जाको रुपमा प्रवाह हुने र ऋणी सदस्यहरुले समयमै आफुले भुक्तान गर्नुपर्ने साँवा तथा व्याज चुक्ता नगर्दा सदस्यहरुको वचत फिर्तामा नकरात्मक असर परेको देखिन्छ । त्यसैले सहकारी संस्थाका सम्पुर्ण ऋणी सदस्यहरुलाई प्रचलित सहकारी ऐन, नियमावली, निर्देशिका एवं मापदण्डको वर्खिलाप नहुने गरी जुन सम्झौता वा शर्त वमोजिम ऋण लिएको हो सोही वमोजिम ऋणको साँवा र व्याज लगायतका रकम सम्वन्धित सहकारी संस्थामा समयमै भुक्तान गरी जिम्मेवार सदस्यको दायित्व पूरा गर्नुहुन जानकारी गराईन्छ । अन्यथा प्रचलित कानून बमोजिम कारवाही भई जाने व्यहोरा समेत अवगत गराईन्छ। साथै सहकारी संस्थाहरुले समेत प्रदेश सहकारी ऐन, २०७९ को दफा को ६९ तथा नियमावली, २०८० को नियम २८ वमोजिमका ऋण तथा बाँकी वक्यौता असुली गर्ने सम्वन्धी व्यवस्थाहरु लगायतका प्रचलित कानुनी प्रावधानहरुको पुर्ण परिपालना गरी आफ्ना सदस्यहरुवाट ऋण तथा बाँकी वक्यौता असुली गर्ने तर्फ क्रियाशिल रहन जानकारी गराईन्छ ।

नि.रजिष्ट्रार

नि. रजिष्ट्रार